# खानेपानी, सरसफाइ तथा स्वच्छता राष्ट्रिय शिखर सम्मेलन

२२- २३ श्रावण २०६९

## काठमाण्डौ प्रतिवद्धता पत्र

हामी खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा क्रियाशिल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा विभागहरु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साझेदार संस्थाहरु खानेपानी तथा सरसफाइको राष्ट्रिय लक्ष्य सन् २०१७ लाई समयमै पूरा गर्नका लागि सामूहिक संकल्प गदै खानेपानी, सरसफाइ तथा स्वच्छता राष्ट्रिय शिखर सम्मेलन (२२-२३ श्रावण २०६९) मार्फत् काठमाण्डौ प्रतिवद्वता जारी गर्दछौ ।

### १.सहभागीतामूलक नीति निर्माण, पुनरावलोकन, परिमार्जन तथा कार्यान्वयन

- नेपालको अब बन्ने नयाँ संविधानमा खानेपानी तथा सरसफाइलाई मौलिक हकको रुपमा स्थापित गर्नका लागि पहल गर्ने ।
- सन् २०१७ सम्म सबै जनतालाई खानेपानी तथा सरसफाइको राष्ट्रिय लक्ष्य सुनिश्चितताका लागि सरसफाइ गुरु योजना आइसकेको सन्दर्भमा खानेपानीको गुरुयोजना बनाइ कार्यान्वयन गर्न पहल गर्ने । विद्यमान ऐन, नीति, नियम, कानून तथा निर्देशिकाहरुको समयमै सम्प्रेषण (प्रचार प्रसार)मा प्रभावकारिता ल्याउने ।
- खानेपानीका सम्पूर्ण श्रोत तथा मुहानहरुलाई कानूनमा उल्लेख भए अनुसार राष्ट्रिय सम्पत्तिको रुपमा संरक्षण र सदुपयोग गर्दै जनताको खानेपानी तथा सरसफाइको आधारभुत अधिकारलाई सुनिश्चित गर्ने ।
- विभिन्न तह (गाउँ/नगर/जिल्ला/केन्द्र) मा निर्माण हुने खानेपानी तथा सरसफाइसँग सम्बन्धीत विषयगत समिति तथा संयन्त्रहरुमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको सहभागीता सुनिश्चित गर्ने ।
- विद्यमान मुहान तथा संस्था दर्ता नविकरण प्रक्रियालाई सहज र सरलीकरण गर्दै लैजान पहल गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रमा विद्यमान तथा नयाँ बन्ने ऐन, नीति, नियम, कानून तथा निर्देशिकामा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रभावकारी कार्यान्वयको लागि शिक्षा, स्वास्थ्य लगायतका नेपाल सरकारका अन्य निकायसँगको समन्वय र सहकार्यमा वृद्धि गर्दै लैजाने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको अनुगमन तथा मुल्याङ्कन प्रक्रियालाई एकरुपता ल्याई कार्यसम्पादन मुल्याङ्कनको आधारमा व्यक्ति तथा संस्थाहरुलाई सम्मान, कदर तथा पुरस्कारको व्यवस्था गर्दै लैजाने ।

### २.खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा यसको महासंघको संस्थागत विकास तथा सुदृढिकरण

- उपभोक्ता संस्था दर्ता एवं कानूनी वैधतामा वृद्धि गर्दै लैजाने ।
- संस्थाहरुको आन्तरिक र बाह्य क्षमता अभिवृद्धिमा जोड दिने ।
- स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र महासंघको पार्श्वचित्र (profile) निर्माण तथा अद्यावधिक गर्दै लैजाने ।
- सेवा प्रदायक संस्था, स्थानीय निकाय, सरकारी निकाय, निजि संस्था तथा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साझेदारहरु बीच समन्वय र सहकार्यमा वृद्धि गर्दै लैजाने ।

## ३. उपभोक्ता संस्था तथा यसको सञ्जाल मार्फत योजनाको सुचारुपन, सेवा विस्तार र स्तरोन्नती

- सेवाको पहुँच नपुगेका तथा अवसरबाट बञ्चित, पिछडिएका समुदाय र क्षेत्रमा सेवा विस्तारमा प्राथमिकता दिने ।
- राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीबाट उपलब्ध खानेपानी र सरसफाइको तथ्याङ्क २०६७ लाई अद्यावधिक गर्दै सामान्य मर्मत कार्यलाई प्राथमिकता दिई उपभोक्ता समितिहरुलाई परिचालन गरी सूचारुपनमा वृद्धि गर्दै राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुरुप स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्धताको सूनिश्चित गर्ने ।
- खानेपानी श्रोत दर्ता, संस्था दर्ता तथा विवादमा मध्यस्थता गर्दै आयोजना सुचारुपनमा वृद्धि गर्दै लैजाने ।
- संयुक्त, सामुदायिक तथा सहभागीतामूलक अनुगमन प्रणालीको विकास तथा अवलम्बन गर्ने ।
- विद्यमान खानेपानीका श्रोत, मुहान, तथा जलाधार क्षेत्रहरुको पुर्नभरण (रिचार्ज) तथा अन्य प्रक्रियाद्धारा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै संरक्षण, प्रवर्धन तथा विकास गर्ने ।
- हाल सञ्चालित आयोजनाहरुको समयमै पुर्नस्थापना, पुर्ननिर्माण गर्नका लागि राष्ट्रिय नीतिमा उल्लेख भएअनुरुप पुर्नस्थापना कोष स्थापना गरी कार्यान्वयनमा जोड दिने ।
- सम्पन्न आयोजनाहरुमा उपभोक्ता संस्थाको सक्रियता बढाई चलायमान बनाउन सहयोग पुर्‍याउने ।

## ४.सरसफाइ तथा स्वच्छताको सामाजिक अभियान प्रवर्धन

- सरसफाइ गुरुयोजनामा उल्लेखित संस्थागत संरचना (V-WASH-CC, M-WASH-CC, D-WASH-CC, R-WASH-CC, N-WASH-CC) मा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको अनिवार्य सहभागीता सुनिश्चित गर्ने ।
- खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको अर्थपूर्ण सहभागीतामा वृद्धि गर्दै सरसफाइ गुरुयोजना तथा कार्यसञ्चालन निर्देशिकामा उल्लेखित नतिजाहरु उपलब्ध गराउन जोड दिने ।
- विद्यमान खानेपानी तथा सरसफाइ आयोजनाको सेवाक्षेत्र (विद्यालय तथा सामुदायिक संस्था समेत) लाई अनिवार्य रुपमा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्दै अघि बढ्ने ।
- खुल्ला दिसामुक्त क्षेत्र घोषणा पश्चात् पूर्ण सरसफाइ उन्मुख कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ बानी व्यवहारको विकास गर्ने ।

## ५. लैङ्गिक, समावेशी तथा समतामूलक सहभागीता एवं श्रोतको सुनिश्चिचता

- सामाजिक लेखाजोखा तथा मुल्याङ्कनको माध्यमद्वारा सुशासन, पारदर्शीता तथा जवाफदेहितामा अधिकतम वृद्धि गदै लैजाने ।
- पहुँच नपुगेका समुदाय तथा क्षेत्रमा पहुँच वृद्धिका लागि समतामूलक बजेट लगानी तथा व्यवस्थापन गर्दै लैजाने ।
- राष्ट्रिय लक्ष्य हासिल हुनेगरी विद्यमान लगानीमा अधिकतम वृद्धि गर्दै विनियोजित बजेटको अधिकतम सदुपयोग गर्दै लैजाने । सो लक्ष्य समयमा नै प्राप्त गर्ने स्थानीय निकायमा बिनियोजित बजेटबाट पनि खानेपानी तथा सरसफाइमा लगानी बृद्धि गर्दै लैजान पहल गर्ने ।

## ६.हासिल भएका महत्वपूर्ण उपलब्धीहरुको अभिलेखीकरण

- सफलता, असफलताका अनुभवहरुलाई अभिलेखीकरण, आदान प्रदान तथा प्रचार प्रसार गर्दै लैजाने ।
- राम्रा तथा असल अनुभव, सिकाई र अभ्यासहरुको आदान प्रदानका लागि प्रत्येक जिल्लामा श्रोत केन्द्रको स्थापना गरी अनुभवहरु आदान प्रदानमा वृद्दि गर्ने ।

## प्रतिवद्धता जाहेर गर्ने निकाय तथा संस्थाहरु

राष्ट्रिय योजना आयोग
शहरी विकास मन्त्रालय
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
ग्रामीण पूर्वाधार तथा कृषि सडक विभाग

२३ श्रावण २०६९